**मुगु जिल्लामा फैलिएको औलो रोग सम्वन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/स्वास्थ्य सेवा विभागको**

**प्रेस विज्ञप्ति**

मुगु जिल्लामा हाल देखा परेको औलो रोग सम्वन्धमा राष्ट्रिय दैनिक पत्रपत्रिकाहरुमा आएको समाचार प्रति मन्त्रालय र स्वास्थ्य सेवा विभागको ध्यानाकर्षण भएको छ । सो सम्वन्धमा सर्वसाधारणको जानकारीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय निम्न अनुसार अनुरोध गर्दछ :

- मिति २०७५ बैशाख २७ दिन सुकाडिक स्वास्थ्य चौकीमा जाँच गर्दा एक जनामा औलो रोग देखा परेको । सो विरामी खत्याड गाउँपालिका वार्ड नं ८ का वासिन्दा भएको ।
- मिति २०७५ जेष्ठ २९ का दिन सुकाडिक स्वास्थ्य चौकीमा जाँच गर्दा २ जनामा औलो रोग देखा परेको । सो विरामी खत्याड गाउँपालिका वार्ड नं ८ को १ जना र वार्ड नं १० को १ जना भएको ।
- मिति २०७५ आषाढ ४ गतेका दिन १ जना, आषाढ ६ गते ५ जना, आषाढ ११ गते ३ जना, आषाढ १२ गते २ जना, आषाढ १३ गतेका दिन १ जना र आषाढ पन्ध्र गते ३ जना गरी जम्मा १६ जनामा औलो रोग देखा परेको । जसमध्ये वार्ड नं ८ को ९ जना र वार्ड नं १० को ६ जना रहेको । १६ जना औलो रोगी मध्ये १ जना सत्र महिना, १ जना तीस महिना र एक जना पन्ध्र महिनको वच्चा समेत देखा परेको । अधिकांस विरामीहरु १५ वर्ष भन्दा कम उमेर समूहका रहेको ।
- औलो रोग निदान भएका सवै विरामीहरुको उपचार स्थानीय स्वास्थ्यकर्मीहरु मार्फत भईरहेको छ ।
- उक्त औलो रोग गत २०७४ श्रावण देखि जेष्ठ सम्ममा ८४ जनामा देखा परेको थियो र सो रोगको समयमानै निदान, उपचार तथा रोकथाम भएको ।
- औलो रोगबाट कसैको पनि मृत्यू नभएको ।
- सो स्थानमा स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको संयोजत्वमा घर भित्र विषादी छिड्काउ (Indoor Residual Spraying) ,लामखुट्टेको आनीवानीको अध्ययन, जनचेतना मूलक कार्यक्रम संचालन भएको । तत् पश्चात रोग नियन्त्रणमा आएको यहाँहरुलाई जानकारी गराउन चाहन्छौ ।
- **यसै सम्वन्धमा आज मिति २०७५/३/१७ का दिन स्वास्थ्य सेवा विभागका महानिर्देशक डा.गुणराज लोहनीज्यूको अध्यक्षतामा** वैठक वसि रोग नियन्त्रण तथा व्यवस्थापनका लागि यथाशिघ्र थप औषधि तथा सामाग्रीहरु सहितको टिम परिचालन गर्ने र सो टिमले विषादीयूक्त झुल वितरण, रोग तथा लामखुट्टेको अध्ययन तथा जनचेतना मूलक कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**हालको अवस्था :**

- आज मिति २०७५ आषाढ १७ गतेका दिन थप १ जनामा औलो रोग देखा परेको उपचारमा रहेको
- औलो निदान तथा उपचारका लागि जिल्ला स्वास्थ्य कार्यालय, मुगुबाट औषधि तथा सामाग्री पठाई सकेको ।
- स्वास्थ्य संस्थामा आवश्यक मात्रमा औषधि तथा सामाग्रीहरु रहेको ।
- स्वास्थयकर्मीहर तयारी अवस्थामा रहेको ,
- हाल स्थिती नियन्त्रणमा रहेको ।

## औलो रोग सम्वन्धि सामान्य जानकारी :

- यो एनोफिलिज जातको संक्रमित पोथी लामखुट्टेको टोकाइबाट सर्ने गर्दछ ।
- यो जातको लामखुट्टे नेपालको तराई, भित्री मधेस देखि पहाड तथा हिमालका खोचहरुमा समेत पाइन्छ ।
- यो जातको लामखुट्टेले घर भित्र तथा घर वाहिर वस्दछ र साँझपख देखि मिरमिरे विहानी सम्ममा वढि टोक्ने गर्दछ ।
- संक्रमित लामखुट्टेले मानिसलाई टोकेको ७ दिन पछि दिन विराएर ज्वरो आउने, काँपछुट्ने, पसिना आउने र जाडो हुने हुन्छ ।
- आफनो घर परिवार छर छिमेक वरिपरि कसैलाई पनि यस्ता लक्षणहरु देखा परेमा नजिकैको स्वास्थ्य संस्थामा गई जचाउनु पर्छ ।
- सोको निदान तथा उपचार नि:शुल्क रुपमा स्वास्थ्य संस्थामा उपलव्ध छ ।
- यो रोगबाट वच्नको लागि सवैले आफनो घर वरिपरि सफा सुग्घर राख्ने, पानी जम्न नदिने, झार तथा झाडी फाड्ने, साँझपख घर वाहिर नवस्ने, शरिर छोप्ने लुगा लगाउने, मच्छेड धुप प्रयोग गर्ने, सुत्दा सधै झुलको प्रयोग गर्ने ।
- नेपाल सरकारवाट विषादी छिड्काउ कार्यक्रम संचालन भएको स्थानका घरहरुमा ३ महिना सम्म लिपपोत नगर्ने ।